## देवचुली नगरपालिका

# क्षमता विकास योजना

(२०७८/७९ देखि २०८१/८२)

**अन्तिम प्रतिवेदन**

प्रदेश प्रशिक्षण प्रतिष्ठान
गण्डकी प्रदेश

**पेश गर्ने निकाय**

स्ट्रेन्थ इन्जिनियरिङ कम्पनी प्रा.लि
काठमाण्डौ

## विषय सूचि


परिच्छेदः एक ....................................................................................................५

१. परिचय ....................................................................................................५

१.१ पृष्ठभुमि ....................................................................................................५

१.२ उद्देश्य ....................................................................................................५

१.३ विधी र प्रकृया ....................................................................................................६

१.३.१ सन्दर्भ सामग्रीको अध्ययनः ....................................................................................................६

१.३.२ अभिमुखीकरण कार्यशाला ....................................................................................................६

१.३.३ तथ्याङ्क संकलन तथा विश्लेषण ....................................................................................................६

१.३.४ क्षमता विकास योजना तर्जुमा कार्यशाला ....................................................................................................६

१.३.४ मस्यौदा प्रतिवेदन तयारी ....................................................................................................७

१.३.५ अन्तिम प्रतिवेदन पेश ....................................................................................................७

१.४ योजना तर्जुमाका सिमाहरु ....................................................................................................७

परिच्छेदः दुई ....................................................................................................८

२. नगरपालिकाको वस्तुस्थिती विवरण ....................................................................................................८

२.१ नगरपालिकाको अवस्थिती ....................................................................................................८

२.२ प्रशासनिक तथा राजनीतिक विभाजन ....................................................................................................८

२.३ भौगोलिक विवरण ....................................................................................................९

२.४ साँस्कृतिक विशेषताहरु ....................................................................................................१०

२.५ वडागत जनसांखिक विवरण ....................................................................................................१०

२.६ उमेरका आधारमा जनसंख्या विवरण ....................................................................................................११

२.७ जात, धर्म तथा भाषाका आधारमा जनसंख्या विवरण ....................................................................................................११

२.८ आर्थिक अवस्था ....................................................................................................११

२.८.१ कृषि ....................................................................................................११

२.८.२ पशुपालन ....................................................................................................१२

२.८.३ पर्यटन ....................................................................................................१२

२.८.४ उद्योग, व्यापार ....................................................................................................१२

२.८.५ वैंक, वित्तिय संस्था तथा सहकारी ....................................................................................................१२

२.९ सामाजिक विकास ....................................................................................................१३

२.९.१ शिक्षा ....................................................................................................१३

२.९.२ स्वास्थ्य ....................................................................................................१३

२.९.३ खानेपानी सरसफाई ....................................................................................................१३

२.१० पूर्वाधार विकास १४
२.१०.१ सडक १४
२.१०.२ विद्युत, वैकल्पिक उर्जा तथा इन्धन १४
२.११ वन, वातावरण तथा विपद् व्यवस्थापन १४
परिच्छेद तीन १५
३.नगरपालिकाको सकसक विश्लेषण (SWOT Analysis) १५
३.१ सवल पक्ष १५
३.२ कमजोर पक्ष १७
३.३ सम्भावना १९
३.४ कठिनाई १९
परिच्छेद चार २०
४. देवचुली नगरपालिकाको क्षमता विकास योजना २०
४.१. आवश्यकता पहिचान २०
४.१.१ शासकीय प्रवन्ध २०
४.१.२ व्यवस्थापन २०
४.१.३ सङ्गठनात्मक २०
४.१.४ वित्तीय २१
४.१.५ सूचना २१
४.१.६ सुशासन २१
४.१.७ समन्वय र सहकार्य विकास २१
४.२ क्षमता विकास योजनाका विषय र अनुमानित बजेट २२
४.३ देवचुली नगरपालिकाको क्षमता विकास योजनाको विस्तृत विवरण २३
परिच्छेद पाँच ३४
५. क्षमता विकास योजनाका अपेक्षित उपलब्धिहरु, निष्कर्ष तथा सुझाव ३४
५.१ क्षमता बिकास योजनाको अपेक्षित उपलब्धिहरु ३४
५.३.क्षमता बिकास योजना कार्यान्वयन रणनीति र सरोकारवालाको बिश्लेषण ३५
५.४.क्षमता विकास योजना कार्यान्वयनका जोखिम तथा चुनौतीहरु ३६
५.५. उपरोक्त चुनौतीहरुको समाधानका लागि अबलम्बन गर्न सकिने सम्भाबित रणनीतिहरु ३७
५.६ सुझाव तथा निष्कर्षहरु ३७
अनुसुचि १ क्षमता विकास योजना तर्जुमाका क्रममा प्रयोग गरिएका अनुसुचीहरु फारामहरु ३९
अनुसूची – २ स्थानीय सरकारको संस्थागत क्षमता (नेतृत्व तह) लेखाजोखा फाराम ४६

अनुसूची – ३ आपूर्तिमा आधारित क्षमता विकास आवश्यकता पहिचानका लागि प्रयोगमा ल्याउने फारामहरू ........ ४७
अनुसूची ४ स्थानीय सरकारको विद्यमान मानव संशाधनको क्षमता लेखाजोखा फाराम (विषयक्षेत्रगत रूपमा)५१
अनुसुचि ५ क्षमता विकास योजना तयारी कार्यशालामा सहभागीहरुको विवरण ........ ५५
अनुसची ८ कार्यक्रममा गरिएका माइन्युट तथा सहभागी विवरण ........ ५८
अनुसची ९ कार्यशालाका सहभागी विवरण ........ ५८
अनुसची १० मस्यौदा प्रतिवेदन प्रस्तुति माइन्युट ........ ५८
अनुसची ११ अन्तिम प्रतिवेदन प्रस्तुति माइन्युट ........ ५९
अनुसूची १२ मस्यौदा तथा अन्तिम प्रतिवेदन प्रस्तुति प्रस्ताव नगरपालिकाबाट प्राप्त पत्रहरु ........ ६०

# परिच्छेदः एक
# परिचय

## १.१ पृष्ठभुमि

स्थानीय सरकारको गठनसँगै जारी भएका ऐनले संवैधानिक व्यवस्था अनुसार स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय सरकारमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न वित्त व्यवस्थापन सम्बन्धमा स्थानीय सरकारको अधिकारलाई थप स्पष्ट व्यवस्था गरेको छ । संवैधानिक व्यवस्था अन्तर्गत नयाँ शासकीय संरचना अनुसार स्थापना भएका स्थानीय सरकारहरूलाई विगतमा केन्द्रीय सरकार मातहत रहेका कतिपय विषयगत कार्यालयहरू मार्फत् प्रदान गरिएका सेवाहरूलाई हस्तान्तरण गरिएको छ । जस अन्तर्गत अनुसूची-५ मा संघिय सरकारका ३५ वटा अधिकार सूची, अनुसूची-६ मा प्रदेशका (२१ वटा अधिकार सूची, अनुसूची-७ मा सङ्घ र प्रदेशका २५ वटा साझा अधिकार सूची, अनुसूची-८ मा स्थानीय तहका २२ वटा अधिकार र अनुसूची-९ मा सङ्घ, प्रदेश र स्थानीय तहका १५ वटा साझा अधिकार सूची निर्धारण गरी बर्तमान संविधानले तीनै तहमा अधिकार सम्पन्न सरकारको स्थापनाका लागि मार्ग प्रसस्त गरिदिएको छ ।

संविधानको धारा ५७ मा उल्लिखित राज्य शक्तिको बाँडाफाँड र अनुसूचिमा उल्लिखित एकल र साझा अधिकारले विगतको स्थानीय निकायहरूको तुलनामा नयाँ संरचना अनुसार स्थापना भएका स्थानीय सरकारहरूलाई वित्तीय स्रोत साधनको अतिरिक्त बढी अधिकार तथा जिम्मेवारी प्राप्त छ । दिगो विकासका लक्ष्यहरू हासिल गर्न, सुखी र समृद्ध नेपाल निर्माण गर्न तथा सामाजिक न्याय स्थापित गरी समतामूलक समाज निर्माण गर्ने अभिभारा भएको स्थानीय सरकारले आफ्नो कार्य सम्पादन स्तर सुधारमा धेरै प्रयत्न गर्नुपर्ने देखिएको छ । परिवर्तित सन्दर्भ अनुसारको जिम्मेवारी पूरा गर्न स्थानीय सरकारहरूमा उपयुक्त संस्थागत व्यवस्थाको स्थापना, आवश्यक कर्मचारीहरू प्राप्ति तथा प्राप्त अधिकार क्षेत्रमा सेवा प्रदान तथा विकासका लागि योजना तर्जुमा तथा कार्यान्वयनमा निरन्तर सुधार ल्याउन जरूरी हुन्छ । जसका लागि स्थानीय सरकारको विद्यमान क्षमताको अध्ययन तथा विश्लेषणको आधारमा योजना तर्जुमा गरी कार्यान्वन गर्दै जानुपर्ने हुन्छ ।

संवैधानिक रुपमा प्राप्त अधिकार अधिकारको उच्चतम उपभोग प्रत्येक स्थानीय तहकालागि चुनौती पूर्ण हुन्छ । देवचुली नगरपालिकाको सन्दर्भमा पनि उक्त चुनौती अपरिहार्य सर्तका रुपमा रहेको छ जसलाई पुरा गर्न नगरपालिकाले विकास व्यवस्थापन, संगठन व्यवस्थापन, वित्तिय व्यवस्थापन, सुचना व्यवस्थापन, सुशासन, तथा समन्वय र सहकार्यलाई चुस्त वनाउनुपर्ने हुन्छ । यसका लागि आवश्यक नीति, ऐन, नियम, कार्यविधि, आचारसंहिता आदिको तर्जुमा गरी कार्यान्वयमा ल्याउन जरूरी हुन्छ । यस सन्दर्भमा नगरपालिकाले आ.व २०७८/७९ देखि २०८१ /८२ सम्मका लागि क्षमता विकास योजना तर्जुमा गरेको छ ।

## १.२ उद्देश्य

- स्थानीय तहहरुलाई क्षमता विकास योजनाको महत्व र प्रकृयाका बारेमा छलफल तथा अभिमुखीकरण सञ्चालन गर्ने ।
- संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार पारेको मार्गदर्शनका आधारमा सहभागितामुलक विधि तथा प्रकृयाहरु प्रयोग गरी स्थानीय तहहरुको क्षमता आवश्यकता पहिचान गर्ने ।
- सहभागितामुलक विधि र प्रकृया प्रयोग गरी पालिकाको तीन वर्षे क्षमता विकास योजना (संस्थागत क्षमता विकास र मानव संसाधन क्षमता विकास) तयार गर्ने ।

## १.३ विधी र प्रकृया

### १.३.१ सन्दर्भ सामग्रीको अध्ययनः

क्षमता विकास योजना तर्जुमाका लागि नगरपालिकासँग सम्बन्धित अभिलेख तथा उपलब्ध लेख रचना तथा सम्बन्धित साहित्यहरुको डेस्क अध्ययन गरी पालिकाको आर्थिक, सामाजिक, ऐतिहासिक, सांस्कृतिक, भौगोलिक, प्राकृतिक लगायतका सम्भावनाका विविध पक्षको समिक्षा गरियो । यसका अतिरिक्त पालिकाको समग्र सम्भावना तथा चुनौतीका क्षेत्रको विश्लेषणका साथै नेपालको संबिधान, स्थानीय सरकार सञ्चालन ऐन, राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्तिय आयोग अन्तर्गतका ऐन, कानून तथा निर्देशिका, प्रदेश सरकारका नीति तथा कार्यक्रम, नगरपालिकासँग सिमाना जोडिएका स्थानीय सरकारका नीति तथा कार्यक्रम, संघ तथा प्रदेश प्रशिक्षण प्रतिष्ठान अन्तर्गतका क्षमता विकास योजना तर्जुमा निर्देशिका तथा अन्य सम्बन्धित स्रोत सामग्रीको अध्ययन गरियो ।

### १.३.२ अभिमुखीकरण कार्यशाला

क्षमता विकास योजना तर्जुमाको महत्व तथा कार्यान्वयन प्रकृयाका बारेमा छलफल गर्न नगरपालिका स्तरीय एक दिने अभिमुखीकरण कार्यक्रम सञ्चालन गरियो । नगरपालिका सहयोगमा पालिका स्थित बहु सरोकारवालाहरुसँग क्षमता विकास योजना निर्माणको सैद्धन्तिक पक्षलाई समेटेर पालिकाका सरोकारवाला ( जनप्रतिनिधि, राजनीतिक दलका प्रतिनिधि, स्थानीय जानकार, संस्थाका प्रतिनिधि, शिक्षक, कृषक समुह, महिला तथा आमा समुह, लक्षित वर्गका प्रतिनिधि आदि) को सहभागितामा भएको उक्त छलफलमा संघिय संरचना अन्तर्गत स्थापित स्थानीय सरकारहरुले अवलम्बन गर्नुपर्ने योजनाबद्ध विकासको आवश्यकताको बारेमा अन्तरकृया गरियो र सामुहिक रुपमा प्राप्त तथ्य र तथ्यांकको बिश्लेषण गरियो । उक्त कार्यक्रममा पालिकाहरुका निर्वाचित राजनीतिक प्रतिनिधि तथा शाखागत कर्मचारीको सहभागिता रहेको थियो ।

### १.३.३ तथ्याङ्क संकलन तथा विश्लेषण

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार पारेको दिग्दर्शनमा उल्लिखित क्षमता विकाससँग सम्वन्धित विषयवस्तुका आधारमा प्रश्नावली तयार पारी तथ्याङ्क संकलन गरियो । त्यसका आधारमा नगरपालिकाको जनसांख्यिक, आर्थिक, समाजिक, पूर्वाधार, वन वातावरण तथा संस्थागत विकास सम्बन्धि आधारभूत तथ्याङ्क संकलनकालागि संस्थागत सर्वेक्षण गर्नुका साथै नगरपालिकाका विभिन्न शाखाहरुले सम्पादन गरेका कार्यहरुको विवरण संकलनकालागि लक्षित समुह छलफल मार्फत पनि तथ्यांक संकलन गरियो ।

### १.३.४ क्षमता विकास योजना तर्जुमा कार्यशाला

देवचुली नगरपालिकाबाट प्राप्त तथ्याङ्कको विश्लेषण गरी तयार पारिएको खाकाका आधारमा पालिका स्तरीय क्षमता विकास योजना तर्जुमा कार्याशाला आयोजना गरियो । कार्यशालामा देवचुली नगरपालिकाका निर्वाचित जनप्रतिनिधिहरु, नगर प्रमुख, प्रमुख प्रशासकिय अधिकृत, राजनीतिक दलका प्रतिनिधिहरु, नगरपालिकाका शाखा प्रमुखहरु, कर्मचारी तथा अन्य सरोकारवालाहरु समेत गरी करीव २२ जनाको सहभागिता रहेको थियो । कार्याशालाको पहिलो सेसनमा नगरपालिकाको बिद्यमान संगठनात्मक तथा मानव संसाधन व्यवस्थापन, भौतिक पूर्वाधार तथा सेवा सुविधा, नीति नियम तथा कानुनहरु र वित्तीय व्यवस्थापन लगायतका विषयमा प्रस्तुतीकरण, विश्लेषण साथै विषयगत छलफल तथा अवस्था (SWOT Analysis) गरिएको थियो भने दोस्रो सेसनमा योजनाको सोच, लक्ष्य उद्देश्य रणनीति कार्यनीति तथा क्षमता विकासका लागि आगामी ३ वर्षमा पालिकाले गर्ने प्रमुख कार्यक्रमहरुको खाका तयार गरियो । त्यसैगरी तेस्रो सेसनमा समग्र योजनाका लागि आगामी ३ वर्षमा आवश्यक हुने वजेट प्रक्षेपणको खाका तयार गरियो ।

### १.३.४ मस्यौदा प्रतिवेदन तयारी

विभिन्न चरणका अध्ययन, विश्लेषण, तथ्य तथा तथ्यांङ्कको आधारमा प्राप्त नतिजा र क्षमता विकास कार्याशालाबाट प्राप्त सूचनाहरुलाई समेटी नगरपालिकाको क्षमता विकास योजनाको प्रारम्भिक मस्यौदा प्रतिवेदन तयार गरियो ।

### १.३.५ अन्तिम प्रतिवेदन पेश

मस्यौदा प्रतिवदेनमा प्राप्त सुझावको सम्वोधन गरी पालिकामा अन्तिम प्रतिवेदन पेश गरियो ।

## १.४ योजना तर्जुमाका सिमाहरु

- प्रस्तुत योजना नगरपालिकाको विषयगत शाखा, केहि सेवाग्राहीसँगको छलफल र अन्तरकृयाबाट तयार पारिएकोले यसले नगरपालिकाको सम्पुर्ण पक्षलाई नसेमट्न सक्छ ।
- विद्यमान स्थानीय सरकार संचालन ऐन, नियम, कार्यविधी र विभिन्न मार्गदर्शन, नमुना निर्देशिका र पालिकाका दस्तावेज एवं कार्यशाला गोष्ठीमा आएका र विभिन्न प्रश्नावली सहितको अनुसूचीहरुका आधारमा तयार गरिएको तर अन्य महत्वपूर्ण विषय धेरै छुटेका हुन सक्छन् ।
- क्षमता विकास योजनालाई कार्यान्वयन गर्न संघ, प्रदेश एवम् विकास साझेदारबाट आर्थिक, प्राविधीक सहयोगको अपेक्षा गरिएको छ ।
- योजनाको मस्यौदा मूलत : गुणात्मक जानकारी र नयाँ विषयवस्तु, प्रविधि तर्फ बढि केन्द्रीत भई तयारी गरिएको छ ।
- श्रोत साधनको यथार्थ यकिन भै नसकेको संक्रमणकालीन अवस्थामा तयार गरिएको हुँदा कार्यान्वयनमा श्रोत साधनको उपलव्धता र खर्च व्यवस्थापन जोखीम रहन सक्छ ।
- नयाँ प्रस्तावित कार्य विभाजन नियमावलीलाई आधार मानी शाखागत क्षमता विकास योजना कार्यान्वयन कार्य योजना तयार गरिएको हुँदा विद्यमान शाखागत कार्य क्षेत्रमा भिन्नता देखिन सक्छ

## परिच्छेदः दुई
## नगरपालिकाको वस्तुस्थिती विवरण

### २.१ नगरपालिकाको अवस्थिती




८४°८'५५" देखि ८४°१५'५१" पूर्वी देशान्तरसम्म र २७°३९'२" देखि २७°४६'३६" उत्तरी अक्षांशसम्म फैलिएको देवचुली नगरपालिका नेपालको राजधानी शहर काठमाण्डौंबाट करिव १५० कि.मी.को दुरीमा र गण्डकी प्रदेशको राजधानी पोखराबाट करिब १५५ कि.मी.को दुरीमा देशकै मध्य भागमा अवस्थित गण्डकी प्रदेशकै एकमात्र समथर भू-भाग हो । यो भित्रि मधेशमा पर्ने नवलपरासी (बर्दघाट सुस्ता पूर्व) जिल्लाको नवलपुर क्षेत्रमा रहेको छ । नगरपलिकाको कुल क्षेत्रफल ११२.७२ वर्ग कि.मी रहेको छ । यसको पूर्वमा गैंडाकोट नगरपालिका, पश्चिममा हुप्सेकोट गाँउपालिका र कावासोती नगरपालिका, उत्तरमा बुलिङटार गाँउपालिका र दक्षिणमा चितवन राष्ट्रिय निकुञ्ज पर्दछन्। पूर्वी सिमानाको रुपमा नेपालको एक मात्र पूर्व- पश्चिम (महेन्द्र) राजमार्गमा रहेको झराही खोला पश्चिमी सिमानामा सोही राजमार्गको लोकाहा खोला, उत्तरमा १९३८ मिटर उचाईको देवचुली डाँडा र दक्षिणमा पवित्र नारायणी नदी रहेको छ । नगरपालिकाको दक्षिणी क्षेत्रमा अधिकांश खेतीयोग्य जमिन र उत्तरी भूभागमा वन जंगल रहेको छ ।

### २.२ प्रशासनिक तथा राजनीतिक विभाजन

कुल १७ वटा वडामा विभाजित देवचुली नगरपालिकासाविकका दिव्यपुरी, देवचुली, रजहर र प्रगतिनगर गा.वि.स.लाई समावेश गरी गठन गरिएको नगरपालिका हो । वडाको प्रशासनिक विभाजनलाई तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका १: प्रशासनिक तथा राजनीतिक विभाजन**

| हाल कायम भएका वडा | साविकका वडा |
|---|---|
| वडा नं. १ | दिव्यपुरी १, २ र ३ |
| वडा नं. २ | दिव्यपुरी ७ |
| वडा नं. ३ | दिव्यपुरी ४ र ५ |
| वडा नं. ४ | दिव्यपुरी ५ |
| वडा नं. ६ | देवचुली २, ३, ४ र ५ |
| वडा नं. ७ | देवचुली ६ र ८ |
| वडा नं. ८ | देवचुली ७ र ९ |
| वडा नं. ९ | देवचुली १ |
| वडा नं. १० | प्रगतिनगर ४ र ६ |
| वडा नं. ११ | प्रगतिनगर ८ र ९ |
| वडा नं. १२ | प्रगतिनगर ७ |
| वडा नं. १३ | प्रगतिनगर १ |
| वडा नं. १४ | प्रगतिनगर २ र ५ |
| वडा नं. १५ | प्रगतिनगर ३ |
| वडा नं. १६ | रजहर १, ७, ९ |
| वडा नं. १७ | रजहर २, ३, ४, ५, ६ र ८ |

*स्रोत: देवचुली नगर कार्यपालिकाको कार्यालय, २०७६*

## २.३ भौगोलिक विवरण

देवचुली नगरपालिकाको भू-उपयोगको अवस्था हेर्दा सबैभन्दा बढी अर्थात् ४४.४ प्रतिशत भू-भाग वन क्षेत्रले ओगटेको छ । कूल क्षेत्रको ३०.६ प्रतिशत खेतोयोग्य जमिन रहेकोमा आवास क्षेत्रले ५.१ प्रतिशत आवास क्षेत्रका लागि उपयोग भएको छ । नगरपालिकाको समग्र भू उपयोग योजना तालिका २ मा प्रस्तुत गरिएको छ ।

**तालिका २: भौगालिक विवरण**

| विवरण | क्षेत्रफल (वर्ग किमि) | प्रतिशत |
|---|---|---|
| आवास | ५.७७ | ५.१ |
| झाडी | २०.१२ | १७.८ |
| भिरपाखा | ०.५८ | ०.५ |
| खेतीयोग्य जमिन | ३४.५० | ३०.६ |
| व्न | ५०.०० | ४४.४ |
| वालुवा | १.६ | १.४ |
| नदीनाला | ०.१२ | ०.१ |
| कुल क्षेत्रफल | ११२.७२ | १०० |

*स्रोत: देवचुली नगर कार्यपालिकाको कार्यालय, २०७६*

### २.४ साँस्कृतिक विशेषताहरु

यस नगरपालिकामा प्रायजसो सबै जातजातीहरूको बसोबास रहेको छ । सबै जातीहरूले आफ्नो मौलिक परम्परा र संस्कृति अनुरूपका चाडपर्वहरू विशेष मनाउँदै आएका छन् । जातीगत कला, संस्कृति जगेर्ना र प्रवर्धन एवं मौलिक भेषभुषाको प्रयोग समेत उत्साहका साथ गर्ने गरेका छन् । मुख्य रुपमा ब्राह्मण, मगर, क्षेत्री जातजातीको बसोबास रहेको पाईन्छ । यस नगरपालिकामा नेवार, तामाङ, गुरुङ लगायतका जनजातीको साथै तराईका आदीवासी मध्ये मुख्य मानिने थारु जातीको उलेख्य बसोबास रहेकोमा वोटे, माझी, मुसहर र मुसलमान समुदाय समेत बस्दछन् । मगर जातीको कौरा नाच र थारु जातीको लाठी नाँच यहाँका विशेष लोक दृश्य नृत्य हुन् । यसैगरी वोटे र माझी समुदायका संस्कृति झल्कने रहनसहनको संरक्षण र प्रवर्धनमा सम्बन्धित जातजाती एवं होमस्टेको समेत महत्वपूर्ण भुमिका रहदैं आएको छ ।

### २.५ वडागत जनसांखिक विवरण

जनगणना २०६८ अनुसार यस नगरपालिकाको कुल जनसंख्या ४२,६०३ थियो । घरधुरी सर्वेक्षण २०७६ मा कुल जनसंख्यामा बृद्धि भई कुल जनसंख्या ५७४०५ पुगेको छ । जसमध्ये सर्वेक्षणका समयमा अनुपस्थित जनसंख्या ७७६८ थियो । तसर्थ:नगरपालिकाको अनुपस्थित बाहेकको जनसंख्या ४९६३७ रहेको छ । उक्त जनसंख्या मध्ये सबैभन्दा धेरै जनसंख्या रहेको वडा नं १७ मा ६,२९६ (१२.६८%) (पुरुष २९३७ जना, महिला ३३५८ जना र तेस्रो लिंगी १ जना) रहेका छन् । यस वडाको औषत परिवार आकार ४.१० र घरधुरी संख्या १५३५ रहेको छ । त्यस्तै सबैभन्दा थोरै जनसंख्या भएको वडा नं. ८ मा १,३९० (२.८०%) (पुरुष ६३९ जना र महिला ७५१ जना) रहेका छ भने घरधुरी संख्या ३३२ र औसत परिवार संख्या ४.१९ रहेको छ । सबै भन्दा बढी जनघनत्व वडा नं २ मा (२०४५ व्यक्ति प्रति वर्ग कि.मी.) रहेको छ भने सबैभन्दा कम जनघनत्व भएको वडा नं ६ मा (८७ व्यक्ति प्रति वर्ग कि.मी.) रहेको छ । तालिका ३ मा वडागत जनसांखिक विवरण प्रस्तुत गरिएको छ ।

**तालिका ३: वडागत जनसांखिक विवरण**

| वडा | जनसंख्या | | | | ०६८ अनुसारको | परिवार | क्षेत्रफल | जनघनत्व |
|---|---|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | जम्मा | प्रतिशत | जनसंख्या | संख्या | | |
| १ | १४४६ | १६२१ | ३०६७ | ६.१८ | २४५२ | ७२५ | २.६४ | ११६२ |
| २ | ९५३ | १०१० | १९६३ | ३.९५ | २०७४ | ५११ | ०.९६ | २०४५ |
| ३ | ७२८ | ७५७ | १४८५ | २.९९ | १३१४ | ३४४ | ०.८१ | १८३३ |
| ४ | १३८० | १५३५ | २९१५ | ५.८७ | २२१९ | ६९७ | १.९१ | १५२६ |
| ५ | १०८३ | १२१० | २२९३ | ४.६२ | २००० | ५५६ | २३.८१ | ९६ |
| ६ | ७५९ | ९१९ | १६७८ | ३.३८ | १६४८ | ३.७१ | १९.३२ | ८७ |
| ७ | ९८२ | ११५१ | २१३३ | ४.३ | २००६ | ५०२ | १.७६ | १२१२ |
| ८ | ६३९ | ७५१ | १३९० | २.८ | ११८४ | ३३२ | २.२१ | ६२९ |
| ९ | १४७५ | १७४१ | ३२१६ | ६.४८ | २७३१ | ७७५ | ४.९३ | ६५२ |
| १० | १४२० | १७२२ | ३१९६ | ६.४४ | २४३४ | ८१४ | ३.६८ | ८६८ |
| ११ | १५२० | १७२२ | ३२४२ | ६.५३ | २३०२ | ७९६ | २.४४ | १३२९ |
| १२ | ११७३ | १३०९ | २४८२ | ५ | २२५० | ६०५ | २.१ | ११८२ |
| १३ | १४०८ | १४२५ | २८३३ | ५.७१ | २०८७ | ७३२ | २.२६ | १२५४ |
| १४ | १२५३ | १७३७ | ३१९० | ६.४३ | १९२९ | ७८९ | ३.०३ | १०५३ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १५ | १५१३ | १७४७ | ३२६० | ६.५७ | २८५४ | ७९० | १.६६ | १९६४ |
| १६ | २२८६ | २७१२ | ४९९८ | १०.०७ | ५१६१ | ११५१ | ३०.६६ | १६३ |
| १७ | २९३७ | ३३५९ | ६२९६ | १२.६८ | ५९५८ | १५३५ | ८.५४ | ७३७ |
| जम्मा | २२९५५ | २६४२८ | ४९६३७ | १०० | ४२६०३ | ११६५७.७१ | ११२.७ | ४४०.३६ |

*स्रोतः नगरपालिका पार्श्व चित्र, २०७६*

## २.६ उमेरका आधारमा जनसंख्या विवरण

नगरपालिकामा रहेका कूल ४९,६३७ जनसंख्यामध्ये १५ देखि १९ वर्ष उमेर समूहका बालबालिकाको जनसंख्या सबैभन्दा बढी ४,९१६ (९.९ प्रतिशत), १० देखि १४ वर्ष उमेर समूहका ४,७९३ (९.७ प्रतिशत) र तेस्रोमा ५ देखि ९ वर्ष उमेर समूहका ४,६११ (९.३ प्रतिशत) रहेका छन्१० वर्षभन्दा मुनिका बालबालिकाको जनसंख्या र २४ वर्षमाथिका प्रौढ तथा वृद्धवृद्धाहरूको संख्या क्रमश घट्दै गैरहेको देखिन्छ । समग्रमा नगरपालिकामा आर्थिक रुपले सकृय जनसंख्या ३१५३८ (६३.५३ प्रतिशत) रहेको छ । जस मध्ये पुरुषको जनसंख्या ५९ प्रतिशत तथा महिलाको जनसंख्या ६३ प्रतिशत रहेको छ ।




## २.७ जात, धर्म तथा भाषाका आधारमा जनसंख्या विवरण

नगरपालिकामा जातजातिका आधारमा जनसंख्याको विवरणलाई हेर्दा सबैभन्दा धेरै १६,०६३ ब्राह्मण पहाडी, दोस्रोमा १२,८६१ मगर, तेस्रोमा क्षेत्री ४६६३, चौथो र पाँचौमा क्रमश दलित ३४३९ र थारु ३३३३ रहेका छन । त्यसैगरी कूल ४९,६३७ जनसंख्यामध्ये ९१.४ प्रतिशत जनसंख्याले हिन्दू धर्म बौद्ध धर्म मान्ने ४.४ प्रतिशत र क्रिस्चियन धर्म मान्ने ३.६ प्रतिशत रहेको छ । ईस्लाम, किँरात तथा अन्य धर्म मान्ने धर्मावलम्बीहरू नगण्य संख्यामा रहेका छन् । त्यसैगरी नगरपालिकामा नेपाली भाषा बोल्नेहरू ८०.० प्रतिशत, मगर भाषा बोल्ने १०.७ प्रतिशत भने थारु भाषा बोल्ने ४.८ प्रतिशत रहेका छन । नगरपालिकामा नेपाली, मगर र थारु बाहेक नेवार, तामाङ, गुरुङ लगायतका भाषा बोल्नेहरूको संख्या तुलनात्मक रुपमा न्यून रहेको देखिन्छ ।

## २.८ आर्थिक अवस्था

### २.८.१ कृषि

देवचुली नगरपालिकामा उत्पादन हुने मुख्य अन्न बालीहरू धान, मकैं, कोदो, गहुँ, दलहन बालीमा बोडी, मास, मसुरो, सानो केराउ, गहत, भटमास र तेलहन बालीमा तोरी, बदाम, तिल, रायो, सर्स्यु, तरकारी खेती तर्फ आलु, फर्सी, लौका, सिमी, स्कुस, घिरौँला, रायो, बन्दा, प्याज, काउली, भिन्डी, लसुन, अदुवा, बेसार, तथा फलफुलमा आँप, नास्पाती, हलुवावेद, खुर्सानी, आरु, लप्सी, रुख कटहर, जुनार, ज्यामिर, भोगटे, कागती, अम्बा, केरा, आदिको उत्पादन हुन्छ । नगरपालिकामा सबैभन्दा ठूलो क्षेत्रमा खाद्यान्न, दलहन र

तरकारी बाली लगाइने गरेको छ भने तुलनात्मक रुपले सानो क्षेत्रमा फलफुल बाली लगाइने गरेको छ । कृषि क्षेत्रको उत्पादकत्व वढी भएपनि नगरपालिकाको कुल खेति योग्य जमिनको २६ प्रतिशत जमिनमा अझैपनि सिंचाईको सुविधा पुगेको छैन ।

नगरपालिकामा कृषि प्रयोजनको जमिन भएका वा कृषि प्रयोजनको जमिन भोगचलन गर्ने परिवारको संख्या ६७१७ रहेको छ । त्यसैगरी कूल २२६४.०१ हेक्टर सिंचित जमिन उपयोग गर्ने परिवार संख्या ६७१७ रहेको छ जसमा प्रतिपरिवार औषत ०.३४ हे. जमिन हुन आउछ । त्यस्तै कूल ७९५.०३ हेक्टर असिंचित जमिन उपभोग गर्ने परिवार ६७१७ रहेको छ जसमा प्रतिपरिवार औषत ०.१२ हे. जमिन हुन आउछ । असिंचित जमिनको क्षेत्रफल करिव २६ प्रतिशत छ ।

### २.८.२ पशुपालन

नगरपालिकाको कुल १२,०२५ घरपरिवारमध्ये पशुपंक्षी पाल्ने घरपरिवारको संख्या ५२३७ अर्थात् ४३.६ प्रतिशत र पशुपंक्षी नपाल्ने घरपरिवारको संख्या ६७८८ अर्थात् ५६.४ प्रतिशत रहेको छ । यसबाट उल्लेख्य संख्यामा घरपरिवारले पशुपंक्षी पाल्ने गरेको तथ्य तथ्याङ्कबाट स्पष्ट हुन्छ । वडा नं. ९, १० र १७ मा धेरै घरपरिवारहरूले पशुपंक्षी पालेका छन्। नगरपालिकामा पशुपंक्षी पाल्ने घरपरिवारहरूमध्ये १२०१ घरपरिवारले गाई/गोरु, २३२८ घरपरिवारले भैंसी/राँगा, ३१८२ घरपरिवारले भेडा/बाख्रा/च्याङ्ग्रा, ८१० घरपरिवारले बंगुर/सुंगुर, २५११ घरपरिवारले हाँस/कुखुरा र कम मात्रामा अन्य चौपाया तथा अन्य पंक्षी पाल्ने गरेको पाइन्छ । नगरपालिकामा पशुपंक्षी पाल्ने घरपरिवारहरूमध्ये कुल ११८५ घरपरिवारले मात्र दुध उत्पादन गर्ने गरेको देखिन्छ । त्यसैगरी ३१९ परिवारले दुग्धजन्य पदार्थ, १६८ घरपरिवारले अण्डा उत्पादन र ४ जनाले पशुपंक्षी जन्य अन्य उत्पादन गर्ने गरेको देखिन्छ । पशुपंक्षी पाल्ने घरपरिवारको (घरधुरीको) संख्याको आधारमा हेर्दा पशुपंक्षीजन्य पदार्थको उत्पादन गर्नेको संख्या नगण्य देखिन्छ । तथ्याङ्कलाई विश्लेषण गर्दा उत्पादनमुखीभन्दा अनुपात्दक पशुपंक्षीको संख्या अधिक रहेको पाइन्छ ।

### २.८.३ पर्यटन

अनुपम प्राकृतिक सौन्दर्य, प्रचुर जैविक विविधता, बहुजातीय, बहुभाषीय बहुधर्म र सामाजिक विविधता एवं नगरपालिकाका हरियाली पहाडी मनोरम दृश्य यहाँको विशेषताको रुपमा रहेको छ । यस नगरपालिकामा सुन्दर हरियाली एवं प्राकृतिक मनोरम दृश्य तथा केही मठ मन्दिर तथा गुफाहरू साथै विभिन्न जातजातिहरूको संस्कृति पर्यटक आकर्षणको कारकहरू हुन् ।

### २.८.४ उद्योग, व्यापार

साना उद्योग, कृषिमा आधारित सबै प्रकारका उद्योगहरू, घरेलु उद्योग, मझौला उद्योग, ठूला उद्योग, सेवामूलक उद्योग, सरकारी उद्योग, समुदायमा आधारित उद्योग, घट्ट मील, संकलन तथा प्रशोधन सम्बन्धी उद्योग आदि यस नगरपालिकामा रहेका छन् । यस प्रकार नगरपालिकामा ठुला उद्योगहरू सञ्चानमा आउन नसके पनि नगरपालिकामा उपलब्ध स्थानीय स्रोत र साधनको उपयोग गरी विभिन्न साना तथा घरेलु एवं कृषिजन्य उद्योगहरू रहेका छन्जसले नगरपालिकाको आर्थिक विकासमा टेवा पुर्‍याएको छ ।

### २.८.५ वैंक, वित्तिय संस्था तथा सहकारी

यस नगरपालिकामा रहेका कुल १२,०२५ घरपरिवार मध्ये १९.२ प्रतिशत घरपरिवारको बैङ्क खाता नरहेको देखिन्छ । अतः उल्लेख मात्रामा व्यक्तिहरुको बैंकिङ्ग सेवामा पहुँच नपुगेको देखिन्छ । देवचुली नगरपालिका भित्र १५ वटा वैंक हाल कार्यरत भएपनि सवै वैंकहरु वडा नं. १३, १४, १५ र १६ मा केन्द्रित छन । तालिका ४ मा नगरपालिकामा भित्र सञ्चालित वैंकहरुको विवरण प्रस्तुत गरिएको छ ।

## २.९ सामाजिक विकास

### २.९.१ शिक्षा

नगरपालिकामा आ.व. २०७४/७५ सम्म सञ्चालन भैरहेका विभिन्न तहका शैक्षिक संस्थाहरूको विवरण हेर्दा नगरपालिकामा पठनपाठनका लागि कलेज २ वटा, माध्यमिक विद्यालय १६ वटा, आधारभूत विद्यालय २८ वटा र बालविकास ३ वटा गरी जम्मा ४९ वटा शिक्षण संस्थाहरू रहेका छन ।

नगरपालिकामा ५ वर्ष वा सो भन्दा माथि उमेर समूहको कूल जनसंख्यामध्ये ८२.० प्रतिशत साक्षर रहेको छ । पालिकामा पढ्न र लेख्न सक्ने साक्षर जनसंख्या ३७,२५३ रहेका छन भने पढ्न मात्र सक्ने ५३३ जना निरक्षर जनसंख्या ८,३२२ (१८.० प्रतिशत) रहेको छ ।

तालिका ५ शैक्षिक संस्थाको विवरण

| क.सं. | तह | सामुदायिक | संस्थागत | गुरुकुल | मदरशा | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | कलेज | २ | | | | २ |
| २ | माध्यमिक विद्यालय | ९ | ६ | १ | | १६ |
| ३ | आधारभूत विद्यालय | २१ | ५ | १ | १ | २८ |
| ४ | वालविकास | १ | २ | | | ३ |
| | जम्मा | ३३ | १३ | २ | १ | ४९ |

वडागत रुपमा तुलना गर्दा सबैभन्दा बढी साक्षरता प्रतिशत वडा नं ३ (९०.८ प्रतिशत) र सबैभन्दा न्यून साक्षरता वडा नं ९ (७४.२ प्रतिशत) रहेको छ ।

### २.९.२ स्वास्थ्य

नगरपालिकामा हाल वडा नं. ३, ११, ७, १७, र १३ मा स्वास्थ्य चौकी रहेका छन भने वडा नं. १३ मा देवचुली अस्पताल प्रालि, १६ मा सामुदायिक प्राकृतिक चिकित्सालय, ४ मा शहरी स्वास्थ्य क्लिनिक, १६ मा आयुर्वेद औषधालय, १५ मा खोप केन्द्र, २१ वटा निजि क्लिनिक, र २६ वटा गाउँघर क्लिनिक ले स्वास्थ्य सेवा प्रदान गरिरहेका छन ।

| क्र.स. | स्वास्थ्य संस्था | स्थान |
|---|---|---|
| १ | प्राथमिक स्वास्थ्य केन्द्र, दुम्कौली | दे.न.पा. ३, दुम्कौली |
| २ | प्रगतिनगर स्वास्थ्य चौकी | दे.न.पा. ११, धारापानी |
| ३ | देवचुली स्वास्थ्य चौकी | दे.न.पा. ७, रामबास |
| ४ | रजहर स्वास्थ्य चौकी | दे.न.पा. १७, रजहर |
| ५ | सामुदायिक प्राकृतिक चिकित्सालय | दे.न.पा. १६, रजहर |
| ६ | शहरी स्वास्थ्य क्लिनिक | दे.न.पा. ४, शान्तिडाँडा |
| ७ | देवचुली अस्पताल प्रा.लि. | दे.न.पा १३, दलदले |
| ८ | देवचुली स्वास्थ्य चौकी | दे.न.पा. वडा नं. ९ |
| ९ | आयुर्वेद औषधालय | दे.न.पा. १६ |
| १० | खोप केन्द्र | दे.न.पा. १५, प्रगतिनगर चोक |
| ११ | निजि क्लिनिकहरु | २१ ओटा |
| १२ | गाउँ घर क्लिनिक र खोप केन्द्र | २६ ओटा |

स्रोत नगर पार्श्व चित्र, २०७७

### २.९.३ खानेपानी सरसफाई

यस नगरपालिकामा रहेका १२,०२५ घरपरिवारहरू मध्ये धारा/पाइप मार्फत आपूर्ति गरिएको पानी पिउने ८८.२६ प्रतिशत, ढाकिएको ईनारको पानी पिउने ४.६० प्रतिशत खुल्ला ईनार/कुवाको पानी पिउने २.७३ प्रतिशत र मुल धाराको पानी पिउने घरधुरी १.१५ प्रतिशत रहेका छ ।

## २.१० पूर्वाधार विकास

### २.१०.१ सडक

नगरपालिकामा रहेका १२,०२५ घरपरिवारहरू मध्ये पक्की/कालोपत्र सडको पहुँच भएको घरपरिवार ४५.२३ प्रतिशत, ग्राभेल सडकको पहुँच भएको घरपरिवार २१.४१ प्रतिशत, कच्ची सडकको पहुँच भएको १७.५१ प्रतिशत, र गोरेटोबाटोको मात्र पहुँच भएका ५.३३ प्रतिशत घरधुरी रहेका छन ।

### २.१०.२ विद्युत, वैकल्पिक उर्जा तथा इन्धन

विद्युत तथा वैकल्पिक उर्जाको प्रयोगको सन्दर्भमा नगरपालिकामा ९५.१४ प्रतिशतले विद्युत, ४.०६ प्रतिशतले सोलार, र ०.४० प्रतिशतले मट्टितेलको प्रयोग गर्ने गरेका छन भने करीव ७५ प्रतिशतले एल पि ग्याँस र २५ प्रतिशतले दाउरालाई खाना पकाउने इन्धनका रुपमा प्रयोग गर्ने गरेका छन ।

## २.११ वन, वातावरण तथा विपद् व्यवस्थापन

देवचुली नगरपालिकाको ४४ प्रतिशत क्षेत्रफल वन क्षेत्रले, १७ प्रतिशत झाडीले र १ प्रतिशत जमिन खोलानालाले ओघटेको छ । यहाँ हाल ३१ वटा सामुदायिक वन सञ्चालनमा रहेका छन । सामुदायिक वनले लगभग ५००० हेक्टर जमिन ओघटेका छन । उष्णप्रदेशिय जलवायु अन्तर्गत पर्ने यो नगरपालिकामा सिसौं, सिमल, जामुन, कदम, खयर, करम, पिठारी, छतिवन, वोहरी, खमारी, वोटधँगेरो, बकाईनो, इप्पील, टिक, वर, पीपल, बेल, अमला, निम, पलाँस, आँप, डुम्री, कटहर, लिची, नरिवल, वयर, काँशी अमला, कैँदल, राजवृक्ष जस्ता वनस्पती, बोझ्रो, सिउँडी, घ्युकुमारी, तुलसी, जिम्बु, बाबरी, भृंगराज, रिट्ठा, टिमुर, गुँरास, हर्रो, बर्रो, चिराँइतो चुत्रो अमला, रुदिलो, तितेपाती जस्ता जडीवुटी पाइन्छन ।

त्यसै गरी यहाँ  पाईने प्रमुख वन्यजन्तुमा चितुवा, बाँदर, हापसिलो, बँदेल, ब्वाँसो, स्याल, रातो बाँदर, वन बिरालो, दुम्सी, निगाले बाघ, जङ्गली मुसा, मल साप्रो आदि पर्दछन भने चमेरा, सारौं, भँगेरा, कालो तित्रा, सिम तित्रा, लुईंचे, धनेश, सुगा, कालो गिद्ध, लामो ठुँडे गिद्ध, सिलसिले, कटुस टाउके मौरी चरी, जङ्गली लाटोकोसेरो, चिल, कोईली, हुट्टीट्याउँ आदि चराचुरुङ्गी पनि पाईन्छ ।

# परिच्छेद तीन
# नगरपालिकाको अवस्था विश्लेषण (SWOT Analysis)

नगरपालिकाको क्षमता विकासका लागि सहज र समावेशी भौतिक पूर्वाधार, संवैधानिक रुपमा प्राप्त अधिकारको प्रयोगकालागि ऐन, नियम, विधि र प्रणालीको व्यवस्था, योग्य तथा चुस्त मानव संशाधन तथा दीगो र फराकिलो वित्तिय प्रवन्ध हुनु आवश्यक हुन्छ । देवचुली नगरपालिकाको हकमा उल्लेख गरिएका अवयवहरुको अवस्थाको विश्लेषण यो अनुच्छेदमा गरिएको छ ।

## ३.१ सवल पक्ष

| | |
|---|---|
| भौतिक पूर्वाधार | • नगरपालिकामा जनप्रतिनिधिहरु, कर्मचारीहरुकालागि भवन, कोठा पर्याप्त रहेको । त्यसैगरी तालिम संचालन गर्न बैठक हल तथा सभा संचालन गर्न पर्याप्त फर्निचर, उपकरण र स्रोत साधन सहतिको हल विद्यमान छ ।<br>• विपद तथा प्रकोप व्यवस्थापन र भौतिक पूर्वाधार मर्मत सम्भारका लागि आबश्यक ज्यावल तथा उपकरणहरु उपलव्ध रहेको । |
| ऐन, नियम, विधि र प्रणाली | • स्थानीय सभा व्यवस्थापन सम्बन्धि कार्यविधि बनाई सोही अनुसार सभा तथा कार्यपालिका बैठकका साथै अन्य बैठकहरु संचालन गर्ने प्रयास गरिएको ।<br>• कार्यपालिका बैठक व्यवस्थापन र निर्णय प्रक्रियाका लागि स्पष्ट कार्यविधि तयार भएको, सोही बमोजिम बैठक संचालन र निर्णयहरु गर्ने गरिएको ।<br>• न्यायिक समितिको कार्यप्रणाली तथा कार्य सम्पादन प्रकृया, विधि स्पष्ट रहेको र सोही बमोजिम न्याय प्रकृया सम्पादन हुने गरेको ।<br>• आवश्यकता अनुसार समिति, उपसमितिहरू गठन भएका छन् । समिति उपसमितीहरुको कार्यविवरण तयार गरी सोही बमोजिम परिचालन परिचालन गर्ने गरिएको ।<br>• आन्तरिक संचार तथा कर्मचारीहरूको आचार संहिता तयार गरिएको ।<br>• कर्मचारीको कार्यविवरण र कार्यसम्पादन मूल्यांकन हुने गरेको ।<br>• नगरपालिकाको कार्यसम्पादनको विषयमा कसैलाई गुनासो व्यक्त गर्नु परेमा न्यायीक समिति मार्फत आफ्ना गुनासाहरु राख्ने, उजुरी दर्ता गर्ने र न्ययीक निरुपणका लागि आफ्ना मागहरु स्वतन्त्र पुर्वक राख्न सक्ने गरी प्रबन्ध मिलाइएको छ ।<br>• कार्यपालिका स्वयंले पनि गुनासाहरु सुन्ने तथा पारदर्शीताका लागि नगरपालिकाका लागि आफ्ना गतिविधिहरु राजपत्रमा प्रकाशन गर्नुका साथै सूचना पाटिमा समेत टास गर्ने गरेको छ ।<br>• सामाजिक परिक्षण, सार्वजनिक सुनावाई, सार्वजनिक परिक्षण लगायत नागरिक अभिमतमार्फत पनि पारदर्शीता कायमगर्ने प्रवन्धलाइ प्रभावकारी बनाइएको छ ।<br>• नगरपालिकाको स्पष्ट अनुगमन तथा मूल्यांकन प्रणाली छ । सोही अनुसार |

| | |
|---|---|
| | अनुगमन तथा मुल्यांकन गर्ने गरिएको छ ।<br>● अनुगमन र मूल्यांकनको नतिजा अनुसार गुण र दोषको आधारमा दण्ड र पुरस्कारको व्यवस्था समेतको अभ्यास गरिएको छ ।<br>● विषय क्षेत्रगत योजना तथा नीति तर्जुमा भएको ।<br>● समावेशी विकास नीति (लैङ्गिक, अपाङ्गता, बालबालिका, सीमान्तकृत वर्ग, गरीवमुखी विकास) तर्जुमा भएको ।<br>● वातावरण, जलवायु उत्थानशील नीति तर्जुमा भएको<br>● वार्षिक योजना तर्जुमा तथा कार्यान्वयन हुने गरेको ।<br>● मर्मत सम्भार व्यवस्थापन हुने गरेको । |
| मानव संशाधन व्यवस्थापन र क्षमता विकास | ● कर्मचारी संगठन तथा कार्यविभाजन कार्यक्षेत्रका आधारमा र आवश्यकता अनुसार संघ र प्रदेश सरकार र सरकारका मातहतका निकायहरुसंग समन्वय प्रभावकारी रहेको ।<br>● नगरपालिका भित्रको अन्तर शाखा समन्वय र सहकार्य नियमित र प्रभावकारी रहेको ।<br>● विभिन्न विकास साझेदार, विषयगत निकायहरु लगायत निजि क्षेत्रसंगको सहकार्यको लागि उचित वातावरण तयार गरी सोही बमोजिम कार्यगत साझेदारीता समेत गर्ने गरिएको छ ।<br>● आवश्यकता अनुसार कार्य सम्पादन गर्न सक्ने मानव स्रोत बिद्यमान रहेको ।<br>● विभिन्न बिषयगत, क्षत्रगत एवं प्राविधिक तथा अप्राविधिक कर्मचारीहरु कार्यरत रहेको ।<br>● अनुगमन तथा मुल्यांकन, अभिलेख व्यबस्थापन, समन्वय सहकार्य र विकास साझेदारीता समेतलाई सम्पादन गर्न सक्ने क्षमता भएका कर्मचारीहरु विद्यमान छन् । |
| बित्तिय व्यवस्थापन | ● बजेट र आम्दानी तथा खर्च प्रणालीलाई नितिगत रुपमा व्यवस्थित गरिएको<br>● खरिद प्रणालीलाई नियम अनुसार र व्यवस्थित रुपमा गर्ने गरेको ।<br>● प्रतिवेदन प्रणाली अद्यावधिक छ ।<br>● बित्तिय व्यवस्थापन र राजश्व सम्बन्धि कार्य स्पष्ट र पारदर्शी छ ।<br>● सुत्रका आधारमा बजेट व्यवथापन छ । |

## ३.२ कमजोर पक्ष

| | |
|---|---|
| भौतिक पूर्वाधार | ● सबै वडा कार्यालयहरुमा आधारभुत रुपमा भौतिक पूर्वाधार, आवश्यक फर्निचर, उपकरणहरु र मानवस्रोत व्यबस्थापन नभएको ।<br>● वडा कार्यालय व्यवस्थापनमा एकरुपता र सबै वडाबाट सन्तोषजनक सेवा प्रवाह गर्न सक्ने स्थिति नरहेको ।<br>● आजको आवश्यकता अनुसार अत्याधुनिक फर्निचरहरु र उपकरणहरु नभएको ।<br>● फर्निचर र उपकरणको नियमित मर्मत संम्भारको अभावमा भौतिक सेवा सुविधामा कमि महशुस हुँदै गएको ।<br>● यातायातका सामानको अपर्याप्ताका कारण कार्य सम्पादनमा कठिनाइ आएको । |
| ऐन, नियम, बिधि र प्रणाली | ● स्थानीय सभा व्यवस्थापन कार्यविधी भएपनि पुर्णरुपमा पालना हुन नसकेको ।<br>● कार्यपालिका बैठक व्यवस्थापन र निर्णय प्रक्रिया तर्जुमा गरिएता पनि सो अनुसार बैठक संचालन र निर्णय लिने नगरिएको ।<br>● नगरपालिकाको अधिकार क्षेत्र भित्र रहेका स्थानीय ऐन कानून तर्जुमा र कार्यान्वयन गर्न नसकेको समावेशी विकास नीति (लैङ्गिक, अपाङ्गता, बालवालिका, सिमान्तकृत वर्ग, गरीबमुखी विकास) अवधारणा अनुसार काम हुन नसकेको ।<br>● वातावरण, जलवायु उत्थानशील नीति नहुनु र विकासलाई एकिकृत ढाँचामा लैजान नसक्नु ।<br>● वार्षिक योजना तर्जुमा अनुसार कार्यान्वयन पक्ष अपेक्षाकृत पारदर्शी नतिजामुखी र वस्तुगत बन्न नसक्नु ।<br>● मर्मत सम्भारका लागि ठोस रणनीति र त्यसको प्रभावकारी कार्यान्वयन हुन नसक्नु ।<br>● अनुगमन तथा मूल्याङ्कन प्रणाली भएता पनि यसलाई कामको लागि काममा मात्र सिमिति गरिएको ।<br>● आन्तरिक संचार प्रभावकारी बन्न नसक्नु, जसका कारण दोहोरोपना (Duplication) हुने, हुने, व्यय भार बढ्ने र कामको गुणस्तरमा प्रश्नहरु उठ्ने गरेको पाइन्छ ।<br>● कर्मचारीहरूको आचार संहिताको पुर्णरुपमा पालनाको अभाव छ ।<br>● गैसस तथा अगैसस परिचालन सम्बन्धी नीति तथा कार्यविधि निर्माण नहुनु । |
| मानव संशाधन व्यवस्थापन र | ● न्यायिक समितिको कार्यप्रणाली तथा कार्य सम्पादन प्रावधान भएता पनि |

| | |
|---|---|
| क्षमता विकास | क्षमताका कारण कार्यसम्पादनमा कठिनाइ आएको ।<br>● समिति, उपसमितिहरूको परिचालन, तिनिहरुको दर्ता, नविकरण र नियमनमा ठोस कार्य हुन नसकेको ।<br>● लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति समयमै बन्न नसकेको र बनेका रणनीतिलाइ पनि प्रभावकारी कार्यान्वयन गर्न नसकेको ।<br>● सहकार्य, समन्वय र साझेदारिता मार्फत विकास कार्यक्रम जुन मात्रामा ल्याउँन सक्नु पर्ने हो त्यस्तो नदेखिएको ।<br>● पारदर्शिता तथा गुनासो सुन्ने प्रणाली स्थापित भएता पनि जनगुनासाहरु निराकरण हुन नसकेको ।<br>● अनुगमन तथा मूल्यांकनलाइ सहभागितामुलक, बैज्ञानिक र व्यबस्थित बनाउँन नसकिएको ।<br>● संस्थागत मूल्य तथा मान्यता अनुसार जनताको सेवा र सुबिधा बस्तुगत रुपमा सुनिश्चित नभएको ।<br>● कर्मचारी संगठन तथा कार्यविभाजन भए पनि सबै कर्मचारीहरु कार्य विवरणमा स्पष्ट नहुनु र जिम्मेबारी वोध गर्न नसक्नु ।<br>● कर्मचारीको कार्यविवरण र कार्यसम्पादन मूल्यांकन केवल प्रकृया पुरा गर्ने रुपमा मात्र रहेको ।<br>● नगरपालिकाको अधिकार क्षेत्र भित्र रहेको पुरा गर्न सकिने कर्मचारी दरबन्दी पुरा नभएको हुँदा कामको चाप र लोड सिमिति कर्मचारीमा पर्न गएको ।<br>● कुनै शाखामा बढी र कुनै शाखामा कम कर्मचारी भएबाट कार्य सम्पादन सन्तुलन कायम हुन नसकेको ।<br>● न्ययिक सम्पादनका लागि आवश्यकता अनुसार कर्मचारी नहुनु ।<br>● भएका कार्मचारीहरुको कार्य सम्मपादन क्षमता विकासका लागि केही पहल तथा कार्ययोजना नहुनु ।<br>● अभिलेख व्यवस्थापन बैज्ञानिक र रणनीतिक रुपमा हुन नसक्नु ।<br>● आजको एक्काइसौ शताब्दिमा पनि सूचना प्रविधिको उपयोगमा खासै दक्षता नहुनु र क्षमता नराख्नु, यस प्रति दिलचस्पी नहुनु ।<br>● सूचना व्यवस्थापन र अभिलेख प्रणाली सिमिति दायरा सम्म मात्र पहुँच हुनु ।<br>● जनसहभागितालाई नाम मात्रको जनसहभागिताको रुपमा सिमिति पारिदिनु ।<br>● पारदर्शीता तथा सूचना प्रवाह प्रति जनमुखी प्रभावकारी बनाउँन नसक्नु । |

| | |
|---|---|
| | • जवाफदेहिता र गुनासो व्यवस्थापन निश्चित घेराभित्र सीमित रहनु ।<br>• गैसस तथा समुदायमा आधारित संस्थाहरूसंगको समन्वय र उनीहरुको परिचालन पर्याप्त नहुनु ।<br>• निजी क्षेत्रको परिचालन मार्फत जनतालाई सेवा र टेवा पुग्न सक्ने काममा त्यति प्रभावकारिता नदेखिनु ।<br>• अन्तर स्थानीय सरकार समन्वय केवल अनौपचारिक रहेको ।<br>• अन्तर महाशाखा वा शाखा समन्वय र सहकार्य अनौपचारिक रहेको । |
| वित्तिय व्यवस्थापन | • प्रदेश सरकारका नीति, योजना तथा कार्यक्रमसँग नगरपालिकाका नीति, योजना तथा कार्यक्रमहरुको तादात्म्यता नभई कार्यक्रमको दोहोरोपना हुनु<br>• वित्तिय व्यवस्थापन र खर्च प्रणाली पारदर्शी र व्यवस्थित हुन नसकेको<br>• मध्यकालीन खर्च संरचनाको खाका समयमै तयार हुन नसक्नु ।<br>• लक्ष अनुसार राजश्व संकलन र उपभोग नहुनु ।<br>• राजश्व सुधार कार्ययोजना समयमै बन्न नसक्नु । |

## ३.३ सम्भावना

- संघ र प्रदेश सरकार सँगको समन्वय
- विकास साझेदार र नीजि क्षेत्रको सहकार्यको उपलब्धता
- मानव स्रोतको पर्याप्त उपलब्धता
- प्राकृतिक स्रोतको परिचालन

## ३.४ कठिनाई

- दलहरु बिचको खिचलो, खुट्टा तान्ने प्रवृति
- राम्रो काम र योजनालाई पनि कार्यन्वयनमा व्यवधान उत्पन्न गर्नु ।
- आर्थिक स्रोतको अभाव,
- उपलब्ध श्रोत साधनको बेवास्ता गर्नु या सही तरिकालो उपयोग हुन नसक्नु ।
- सम्बन्धित निकायले पहल नगर्नु ।
- चितवन राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्र

## परिच्छेद चार

## देवचुली नगरपालिकाको क्षमता विकास योजना

### ४.१. आवश्यकता पहिचान

#### ४.१.१ शासकीय प्रवन्ध

- नगरपालिकामा तर्जुमा भएका ऐन, नियम, कार्यविधि आदिको बारेमा जनप्रतिनिधि र कर्मचारीहरुलाई अभिमुखीकरण,
- कार्य विभाजन नियमावलीको तर्जुमा र सोको कार्यान्वयन
- विशेषतः कार्यपालिका सदस्य तथा नगर सभा सदस्यहरुलाई स्थानीय सरकारको भूमिका र जिम्मेवारी सम्बन्धी अभिमूखिकरणको आवश्यकता रहेको ।

#### ४.१.२ व्यवस्थापन

- आवधिक योजना तर्जुमा र नियमित अद्यावधिक
- समन्वय, प्रतिवेदन आदिमा बढी ज्ञान/सीप आवश्यक
- समन्वय सीप, सफल अभ्यास-क्षेत्रको भ्रमण
- प्रभावकारी सेवा प्रवाहका लागि कार्यविधि चाहिने, अभिमुखीकरण गरी ज्ञान, सीप र सकारात्मक धारणा बनाउनु पर्ने
- समुदायस्तरमा विकास निर्माणसम्बन्धी अभिमुखीकरण/जानकारी
- उपभोक्ता समितिलाई अभिमुखीकरण/जानकारी, स्थानीय आचार संहितामा कडाइ गर्ने
- विभिन्न शाखाका कर्मचारी र वडा सचिवहरूलाई अनुगमन, नीतिगत ज्ञान र प्रबिधि सम्बन्धि तालिम ।

#### ४.१.३ सङ्गठनात्मक

- नियमित बैठक, परिचालन, स्थलगत भ्रमण/ अध्ययनको व्यवस्था
- केही नीति/कार्यविधिहरू अझै थप बन्नु जरुरी (जस्तैः योजना सम्पन्न भएपछिको व्यवस्था), थप अभिमुखीकरण
- कम्प्युटर, सफ्टवेयर, सामान्य सर्वेक्षणका अति जरुरी सामग्रीहरू जस्तै M GIS, GPS, Totalstation, Abney-level
- विभिन्न प्रकारका तालिमहरू चाहिने (पेशागत तालिमहरु)
- कर्मचारीहरूमा उत्प्रेरणा, अनुगमन
- स्थानीय श्रोतको पहिचान र परिचालन
- सेवाग्राह्यीको लागि आधारभूत सुविधाहरु जस्तैः विश्राम कक्ष, निशुल्क वाईफाई, सफा खानेपानी, सहायता कक्ष, स्वास्थ्य सेवा आदि व्यवस्था गर्न ध्यान दिनु पर्ने ।
- प्राविधिक कर्मचारी तथा जननिर्वाचित प्रतिनिधिहरुलाई भौतिक पूर्वाधारहरुको गुणस्तर सुनिश्चितता सम्बन्धी तालिमको आवश्यकता रहेको ।

### ४.१.४ वित्तीय

- राजस्व प्रक्षेपण समेत गर्ने सफ्टवेयरको व्यवस्था
- राजस्व सुधार कार्ययोजनाको हरेक वर्ष पुनरावलोकन गर्ने
- बजेटिङ् तथा खर्च व्यवस्थापन सम्बन्धी अभिमुखीकरण, अभ्यास/अनुगमन/पृष्ठपोषण
- खरिद प्रक्रिया पूर्ण परिपालन भए-नभएको अनुगमन, लेखा परीक्षण
- सम्पत्ति/जिन्सी व्यवस्थापनबारे थप तालिम र अभिमुखीकरण चाहिने
- वित्तिय प्रतिवेदन तयारी सीप विकास र पूर्ण अभिमुखीकरण, वित्तिय अनुशासनका लागि अनुगमन ।

### ४.१.५ सूचना

- सूचना केन्द्रको स्थापना र व्यवस्थापन
- भू-सूचना प्रणालीका लागि आवश्यक नक्सा र सूचना नगरपालिकाबाट हुन सक्ने नीति र थप तालिम आवश्यक
- व्यवस्थित अभिलेख व्यवस्थापन र उचित तरिकाले दर्ता र भण्डारण गर्नुपर्ने, कार्य-विवरण अझ स्पष्ट पार्नु पर्ने र कार्य बाँडफाँट,
- इ-पुस्तकालयको स्थापना र व्यवस्थापन, अभिमुखीकरण तालिम, इ-पञ्जीकरण व्यवस्थापनका लागि हरेक वडामा कम्प्युटर सफ्टवेयरको प्रभावकारी कार्यान्वयन हुनुपर्ने र रिक्त स्थानमा दरबन्दी पूरा हुनु पर्ने ।

### ४.१.६ सुशासन

- जेसी नीति तथा रणनीति तर्जुमा र प्रभावकारी कार्यान्वयन
- सामाजिक परीक्षण, सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाइ सञ्चालन सम्बन्धी रोष्टर तयार, तालिम आयोजना र जनशक्ति परिचालन ।
- स्थानीय सञ्चारकर्मी/ एफ.एम.हरूको बढी परिचालन, आचार-संहिता र नीति-नियमको पूर्ण पालनाको अनुगमन/मूल्याङ्कन/ सुपरीवेक्षण
- उचित संयन्त्र र नीति-नियम बनाई पुरस्कार,दण्ड/जरिवाना कडाइका साथ लागू गर्ने, गुनासो व्यवस्थापन तालिम (कर्मचारी)
- वेबसाइट अपडेट गर्ने तालिम , सञ्चार (मिडिया) परिचालन/प्रेस रिलिज गर्ने तालिम ।

### ४.१.७ समन्वय र सहकार्य विकास

- सामुदायिक संस्थाहरूलाई व्यवस्थापकीय क्षमता विकास, नेतृत्व विकास, प्रस्तावना लेखन, श्रेस्ता प्रणाली आदिबारे थप तालिम, आचार-संहिता निर्माण र पूर्ण परिचालन, सचेतना शिक्षा (नागरिक)
- निजी क्षेत्रसँग सहकार्य/साझेदारी बढाउने, नीति नियम र व्यवसायिक आचारसंहिताको पूर्ण पालना
- बजेट बाँडफाँटमा पारदर्शिता र पछाडि परेको वर्गलाई प्राथमिकता दिने व्यवस्थाका लागि वकालत गर्ने,

- सामूहिक अनुगमन संयन्त्र र तालिका तयार पारी कम्तिमा वर्षको दुईपटक वा एउटा मात्र भए पनि स्थलगत अनुगमन गर्ने, जस्तैः नगरपालिका मातहतका निकायहरू, वन, सडक, सिंचाइ, प्रशासन, प्रहरी आदिको संयुक्त सहभागितामा ।

## ४.२ क्षमता विकास योजनाका विषय र अनुमानित बजेट

नगरपालिकाको क्षमता विकासका लागि ज्ञान, सीप, धारणा, मानवस्रोत र आर्थिक व्यवस्थापन आवश्यक पर्दछ । यस नगरपालिकाको विद्यमान क्षमता विश्लेषण गर्दै विद्यमान सवल पक्षहरुलाइ अझ सुदृढ गर्न र कमजोर पक्षहरुलाइ न्युनिकरण गरी सवल पक्षमा रुपान्तरण गर्न क्षमता विकास कार्य योजना तर्जुमा गरिएको छ । यसका लागि आवश्यक पर्ने स्रोत साधानको समेत पहिचान गरिएको छ । यो पहिचान नितान्त अनुमान मात्र हो । नगरपालिकाले प्राप्त गर्ने अनुदान, राजश्व, विकास साझेदारीता मार्फत प्राप्त स्रोतको आधारमा कार्यान्वयन गरिने र यसलाइ यथार्थपरक गर्न सकिने छ । तलको तालिकामा बिषयगत तथा क्षेत्रगत योजनाको बजेट सारांश प्रस्तुत गरिएको छ ।

| विषय क्षेत्र | अनुमानित वजेट | कुल अनुमानित वजेटको क्षेत्रगत प्रतिशत |
|---|---|---|
| १. मानवीय, आर्थिक, सामाजिक, पूँजीगत | ६,५००,००० | १८.६६ |
| २. संगठन, प्रशासन र सेवा व्यबस्थापन | ७,५५०,००० | २१.६७ |
| ३. वित्तिय तथा आर्थिक व्यबस्थापन | २,८३०,००० | ८.१२३ |
| ४. सेवा प्रवाह | २,०७५,००० | ५.९५६ |
| ५. न्यायीक कार्य सम्पादन | २,५००,००० | ७.१७६ |
| ६. भौतिक पूर्वाधार | ६,५७५,००० | १८.८७ |
